**महागढीमाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बरियारपुर बारा**
**प्रदेश नं. २, नेपाल**

सेनिटरी प्याड खरिद सम्बन्धी दरभाउ पत्र सूचना
प्रथम पटक प्रकाशित मिति २०७८।१०।१२

यस कार्यालय अन्तर्गतका विद्यालयहरुमा आ.व.०७८।०७९ मा वडा नं.१ देखि वडा नं.११ सम्म विद्यालयका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड वितरण गर्नका लागि खरिद गर्नु पर्ने भएकोमा सिलबन्दी दरभाउ पत्र सूचना प्रकाशित गरिएको छ ।

१. सूचना प्रकाशित मितिले १५(पन्ध्र) दिन सम्म तपसिलमा लेखिए बमोजिम फिर्ता नहुने गरी यस कार्यालयमा रु.१,०००। (एक हजार) मात्र नगद बुझाई कार्यालय समय भित्र दरभाउपत्रदाता वा निजले तोकेको अधिकारीक प्रतिनिधिले यस कार्यालय बाट दरभाउ पत्र फारम खरिद गर्न सकिनेछ । दरभाउ पत्र फारम खरिद गर्नका लागि निवेदक वा सप्लायर्सले व्यवसाय दर्ता प्रमाण पत्र, फर्म दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र आ.व.०७७।०७८ को कर क्लियरेन्स प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी सेनिटरी प्याड खरिद सम्बन्धी दरभाउ पत्र फारम खरिद गर्न सक्निेछ ।

२. सूचना प्रकाशित मितिको १६(सोह्र) दिनको १२:०० बजे भित्र दरभाउ पत्र फारम दर्ता गराई सक्नुपर्नेछ । सो दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिनमा दर्ता हुनेछ । दर्ता भएका दरभाउ पत्रहरु सोही दिनको २:०० बजे कार्यालयको प्रतिनिधि र दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउ पत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

३. दरभाउ पत्र दर्ता गर्दा जमानत बापतको कबोल रकम रु ५०,०००/ राष्ट्रिय बाणिज्य बैंकको ग-३ स्थानीय तह धरौटी खाता नं.१३९०१३०३००००००५ मा नगदै दाखिला गरेको सक्कलै भौचर वा कम्तीमा ९०(नब्बे) दिन म्याद भएको मान्यता प्राप्त बाणिज्य बैंक (क) श्रेणीका बाणिज्य बैंकको यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी दरभाउ पत्रसाथ पेश गर्नु पर्नेछ ।

४. आफुले सप्लाई गर्ने सेनिटरी प्याडको अधिकारिक पत्र Authority Letter स्वदेशी कम्पनीको हकमा उत्पादकबाट र विदेशी कम्पनी भए National Suppliers बाट लिई पेश गर्नु पर्नेछ ।

५. दरभाउ पत्र पेश गर्दा अनिवार्य रुपमा आफुले सप्लाई गर्ने सेनिटरी प्याडको नमुना दरभाउ पत्र फारम साथ पेश गर्नु पर्नेछ । नमुना विनाको दरभाउपत्र स्वीकृत गरिने छैन ।

६.सेनिटरी प्याडको म्याद कार्यालयमा दाखिला गर्न ल्याउँदा कम्तीमा expiry Date १८ महिनाको बाँकी भएको हुनु पर्नेछ ।

७. अन्य थप शर्तहरु दरभाउ पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

८. कार्यालयलाई आवश्यक नभएमा जुनसुकै बेला पनि टेन्डर रद्ध गर्न सकिने छ ।

९.यस सुचनामा उल्लेख हुन छुट भएका सर्तहरु सार्वजानिक खरिद ऐन २०६३ सार्वजानिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

**तपसिल :**

| दरभाउ पत्र नं. | कामको विवरण | दरभाउ पत्र रकम रु. | धरौटी रकम रु. |
|---|---|---|---|
| ११ ०७८-०७९ | विद्यालय छात्राहरुका लागि सेनिटरी प्याड खरिद | १९,९५,०००। भ्याट समेत | ५०,०००/ |

**महमद शेरे मुस्तफा**
**(प्रमुख प्रशासकीय अधिकृत)**